# कर्जन्हा नगरपालिका

# स्थानिय राजपत्र

खण्ड १ संख्या ७ प्रकाशन मिति : २०७९।१२।१५ गते

## भाग - १

## कर्जन्हा नगरपालिका

### छाडा चौपाया संरक्षण तथा व्यवस्थापन ऐन, २०७९

**प्रस्तावना** :

बढ्दो शहरिकरण र जमीन खण्डिकरणका कारण घरपालुवा छाडा छोड्ने तथा जङ्गली चौपायाहरु बढ्दै गएको र छाडा चौपायाको टोकाइका कारण विभिन्न गम्भीर प्रकारका रोग लाग्न सक्ने, मानव जीवनमा क्षति पुऱ्याउने, चौपायाका कारण बाली नष्ट गरिदिने, सवारी दुर्घटना भई मानव क्षति हुने क्रम बढ्दै गइरहेकाले कर्जन्हा नगरपालिका क्षेत्र भित्रका छाडा चौपायाको संरक्षण तथा व्यवस्थापन गर्न बाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्जन्हा नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"छाडा चौपाया संरक्षण तथा व्यवस्थापन ऐन, २०७९"** रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) **"प्रमुख"** भन्नाले कर्जन्हा नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) **"नगरपालिका"** भन्नाले कर्जन्हा नगरपालिका सम्झनु पर्दछ ।

(ग) **"वडा"** भन्नाले कर्जन्हा नगरपालिकाको वडा सम्झनु पर्दछ ।

(घ) **"कार्यपालिका"** भन्नाले कर्जन्हा नगरकार्यपालिका सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कर्जन्हा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) **"सभा"** भन्नाले कर्जन्हा नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(छ) **"घरधनी"** भन्नाले छाडा चौपायाको धनी वा मालिकलाई सम्झनु पर्दछ ।

(ज) **"छाडा चौपाया"** भन्नाले स्थानीय घरधनीले खरिद गरी वा स्वतस्फूर्त रुपमा कम्तीमा एक हप्तासम्म आफ्नो रेखदेख, नियन्त्रण वा सम्पर्कमा रहेको र खुल्ला रुपमा सार्वजनिक रुपमा छोडिएको गाई, भैसी, राँगा, गोरु, कुकुर, हात्ती, बाखा, सुगुर, वङ्गुर, घोडा वा अन्य घरपालुवा जनावरलाई छाडा चौपाया सम्झनु पर्दछ ।

(झ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोमिज बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

(ञ) **"क्षतिपूर्ती"** भन्नाले छाडा चौपायाका कारण हुने हानी नोक्सानीको बदलामा तिर्नुपर्ने जरिवानालाई जनाउँछ ।

(त) **"हानी नोक्सानी"** भन्नाले छाडा चौपायाका कारण हुने क्षतिलाई सम्झनु पर्दछ ।

(थ) **"समिति"** भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको छाडा चौपाया संरक्षण तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(द) **"मन्त्रालय"** भन्नाले संघ वा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## छाडा चौपाया सम्बन्धि व्यवस्था

३. **छाडा चौपाया सम्बन्धि व्यवस्थाः** (१) घरधनीले आफूले पालेका चौपाया अरुलाई हानी नोक्सानी वा वातावरणमा नकारात्मक असर पर्नेगरि पाल्नु पर्नेछ । घरपालुवा चौपायालाई कुनै पनि स्थानमा छाडा रुपमा छोड्न पाइनेछैन ।

(२) घरधनीले आफूले पालेका घरपालुवा चौपाया आफ्नो नियन्त्रणमा राखी चराउन वा डुलाउन सक्नेछ । तर उसको कारण कसैको पनि हानी नोक्सानी हुने, असर पर्ने र वातावरण विग्रने हुनु हुदैन ।

(३) नगरपालिका क्षेत्र भित्रको कुनैपनि स्थानमा छाडा चौपाया छाडेको अवस्थामा नगरपालिकाले कारवाही वा जरिवाना गर्न सक्नेछ ।

४. **छाडा चौपायोको बर्गिकरणः** (१) यस ऐनको दफा ३ बमोजिम छाडा चौपाया भन्नाले देहाय बमोजिमको हुनेछ ।

(क) गाई गोरु,

(ख) राँगा भैसी,

(ग) खसी बाखा,

(घ) कुकुर,

(ङ) सुगर, बंङ्गुर

(च) हात्ती, घोडा,

(छ) अन्य चौपायाहरु

(२) उपदफा (१) बमोजिमको छाडा चौपाया छोडे वापत जरिवाना वा क्षतिपूर्ति नगरसभाले तोके बमोजिम हुनेछ ।

(३) छाडा चौपायाको दर्ता, नविकरण तथा स्वीकृति सञ्चालन सम्बन्धि अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ३
## छाडा चौपाया संरक्षण तथा व्यवस्थापन

५. **छाडा चौपाया संरक्षण तथा व्यवस्थापन समितिः** (१) छाडा चौपायाको संरक्षण तथा व्यवस्थापनको कार्य गर्न कर्जन्हा नगरपालिकामा एक छाडा चौपाया संरक्षण तथा व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

| | |
|---|---|
| (क) कर्जन्हा नगरपालिकाका उप प्रमुख | -संयोजक |
| (ख) नगर कार्यपालिकाको सदस्य दुई जना | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) कृषि तथा पशु शाखा प्रमुख | -सदस्य सचिव |

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप समितिहरु गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय नगरपालिकाको कृषि तथा पशु क्षेत्र हेर्ने शाखामा रहनेछ ।

६. **समितिको काम, कर्तव्य अधिकार :** यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय स्तरमा छाडा चौपाया संरक्षण तथा व्यवस्थापन र छाडा चौपाया संरक्षण तथा व्यवस्थाप गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धमा कार्यक्रम सञ्चालन गर्ने,

(ङ) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्थागर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(च) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन कोषको सञ्चालन गर्ने,

(छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

७. **छाडा चौपायाबाट हानी नोक्सानीको क्षतिपूर्ति सम्बन्धी व्यवस्था:** (१) नगरपालिका भित्र कसैले चौपाया छाडेको खण्डमा त्यसबाट हुने क्षतिको पूर्ति निम्नअनुसार हुनेछः-

(क) छाडा चौपायाबाट भएको हानी नोक्सानीको मूल्यांकन गरी त्यसको क्षतिपूर्ति

(ख) वातावरणमा प्रभाव परेको खण्डमा समितिले तोके बमोजिमको जरिवाना

(ग) छाडा चौपायाका कारण सवारी दुर्घटना भएमा त्यसबाट हुने घाइतेको उपचार र सवारी साधनको क्षतिपूर्ति

## परिच्छेद ४

## विविध

८. **विवाद समाधानः** (१) यस ऐन अन्तर्गत छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरुले आपसी वार्ताबाट त्यस्ता विवादहरु समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानून बमोजिम मेलमिलापका लागि स्थानीय न्यायिक समितिमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफ (२) बमोजिम निवेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैतिस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुङ्गो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुङ्गो उपर चित्त नबुझ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानून बमोजिम मध्यस्थता सम्बन्धी कारबाही अगाडी बढाउन सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारबाही अगाडि बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरुका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका विषय विज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरुबाट अनुरोध भई आएमा सम्बन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रुपमा सात दिन भित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वा बार्ताद्वारा विवादको समाधान गर्नुपर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्बन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्बन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिन भित्रमा आफ्नो निर्णय दिनुपर्नेछ ।

(१२) उपदफा (११) बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नबुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्र सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरुबाट लिन सक्नेछन् ।

९. **हदम्याद सम्बन्धमाः** यस ऐन बमोजिमको विवादमा पक्षको काबु बाहिरको परिस्थिति परी यस ऐनको दफा १० को उपदफा (१०) बमोजिमको हदम्याद गुज्रन गएमा एक पटकलाई बढीम पन्ध्र दिन म्याद थाप्न पाउनेछ ।

१०. **मध्यस्थता समितिको निर्णयको कार्यान्वयनः (१)** मध्यस्थता समितिको निर्णय भएको पैतीस दिन भित्रमा पक्षहरुले निर्णय कार्यान्वयन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोवार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोवार रोक्का राखेकोमा फुकुवा गर्न लेखी पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्बन्धित मालपोत कार्यालय, वैंक वा वित्तिय संस्थाले त्यस्तो सम्पत्ति वा कारोवारको रोक्का वा फुकुवा गर्नुपर्नेछ ।

(५) मध्यस्थता सम्बन्धी विषयमा यस ऐनमा उल्लेखित विषयका हकमा यसै ऐन बमोजिम र अन्य विषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

**११. दण्ड सजायः** (१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) उपदफा (३) र (४) विपरित चौपाया छाडा छोडेमा पाँचसय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना

(ख) खण्ड 'क' बमोजिम क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पाँचहजारदेखि बीस हजार रुपैयाँसम्म

(ग) एक ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराइनेछ ।

**१२. बीमा सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम घरधनीले आफूले पालेका चौपायकाको बिमा समितिले तोकोको प्रकृया पुरा गरी त्यस्तो बिमा कार्य गर्न अख्तियार पाएको बिमा कम्पनीमा बिमा गर्न सक्नेछ ।

(२) बिमा गर्ने प्रक्रियाका सम्बन्धमा बिमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम व्यावसायिक रुपमा चौपाया पाल्न चाहेमा सम्बन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्बन्धीत बिमा कम्पनीले बिमा गर्न सक्नेछ ।

**१३. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लिखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१४. नियम बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक निमय, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**१५. खारेजी र बचाऊः** (१) कर्जन्हा नगरपालिकाको चौपाया संरक्षण तथा व्यवस्थापन ऐन, २०७७ खारेज गरिएकोछ ।

२) उपदफा १ को ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
बुद्धिमान दनुवार
प्रमुख प्रशासकिय अधिकृत